वैदेशिक रोजगार वोर्ड सचिवालय र गैरआवासीय नेपाली संघ

बीच

प्रवासी नेपाली कामदारको राहत, उद्धार, स्वदेश फिर्ती तथा पुनर्एकीकरणका लागि सहकार्य गर्ने सम्बन्धी

# समझदारी पत्र

**MEMORANDUM OF UNDERSTANDING (MoU)**

मिति: २०७९।३।२

## १. पृष्ठभूमि

नेपाल सरकारले वैदेशिक रोजगार व्यवसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन तथा वैदेशिक रोजगारमा जाने कामदारको हकहितको संरक्षण गर्न, सुरक्षित वैदेशिक रोजगार सम्बन्धमा आधिकारिक सुचना संप्रेषण गर्न, श्रम स्वीकृति लिई वैदेशिक रोजगारमा जाने नेपाली कामदारलाई गन्तव्य मुलुकमा समस्या परेमा उद्धार गर्न, राहत प्रदान गर्न र वैदेशिक रोजगारबाट फर्किएका व्यक्तिको पुनर्एकीकरण सम्बन्धि कार्य समेत गर्ने प्रयोजनको लागि वैदेशिक रोजगार ऐन, २०६४ को व्यबस्था अनुसार वैदेशिक रोजगार बोर्डको स्थापना गरेको छ। बोर्डको नियमित कार्य संचालन गर्न वैदेशिक रोजगार वोर्डको सचिवालय रहेको छ, जसलाई यसपछि "बोर्डको सचिवालय" भनिने छ र गैरआवासीय नेपाली संघ (NRNA), नेपालको प्रचलित कानुन बमोजिम सम्बद्ध सरकारी निकायमा दर्ता (Incorporation Number 01-2070/71) भई संचालनमा रहेको एउटा गैरसरकारी सामाजिक संस्था हो, जसको सदस्य नेपाली मूलका व्यक्तिहरू रहेका छन्। नेपालीका लागि नेपाली भन्ने नाराका साथ नेपालको आर्थिक रूपान्तरणमा गैरआवासीय नेपालीहरूको संलग्नतालाई प्रोत्साहन गर्ने उद्देश्यले गैरआवासीय नेपाली संघको स्थापना भएको हो। जसलाई यसपछि "एन.आर.एन.ए." भनिने छ, बीच प्रवासी नेपाली कामदारहरुको उद्धार राहत स्वदेश फिर्ती तथा पुनर्एकीकरणका लागि देहाय बमोजिम हुने गरी सहकार्य गर्न दुबै पक्ष सहमत भई यो समझदारी पत्रमा हस्ताक्षर गरिएको छ।

## २. उद्देश्य

वैदेशिक रोजगार बोर्ड तथा गैरआवासीय नेपाली संघको समन्वयमा आप्रवासी कामदारको राहत, उद्धार, स्वदेश फिर्ती, पुनएकीकरण तथा सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने र समझदारी पत्रमा उल्लेख भएका प्रमुख सर्तहरुमा सहमति भए अनुसारको कार्य संचालन गर्न दुवै पक्षबिच सहकार्य र साझेदारीको स्थापना र प्रबर्द्धन गर्ने रहेको छ।

## ३. जिम्मेवारीहरु

३.१. यस समझदारी पत्रको कार्यान्वयनका लागि बोर्डको सचिवालयको जिम्मेवारी देहाय बमोजिम हुनेछ –

(क) नेपाल सरकारबाट श्रम स्वीकृति लिई वैदेशिक रोजगारीमा गएका कामदारको राहत तथा उद्धार कार्यका लागि आवश्यकता अनुसार एन.आर.एन.ए. सँग समन्वय तथा सहकार्य गर्ने,

(ख) वैदेशिक रोजगारीमा जाने नेपाली कामदारहरूलाई सहजीकरण गर्न नेपालका अन्तर्राष्ट्रिय विमानस्थल भित्र स्थापना गरिएका सूचना तथा सहायता कक्ष एन.आर.एन.ए. सँगको सहकार्यमा सञ्चालन गर्ने,

(ग) अन्तर्राष्ट्रिय श्रम बजारमा मान्यता प्राप्त सीपमूलक तालिमहरुको पहिचान गर्ने र वैदेशिक रोजगारीमा जाने नेपाली कामदारहरुलाई निशुल्क सीपमूलक तालिम उपलब्ध गराउन एन.आर.एन.ए. सँग सहकार्य गर्ने,

(घ) क्षमता विकास, पुँजी निर्माण लगायतका विषयहरुमा गरिने अध्ययन एवं अनुसन्धान र सुरक्षित वैदेशिक रोजगारीसम्बन्धी नीतिगत पृष्ठपोषण प्रयोजन गरिने कार्यहरुमा आवश्यकता अनुसार एन.आर.एन.ए. सँग सहकार्य गर्ने,

(ङ) एन.आर.एन.ए. सँगको वित्तीय साझेदारीमा वैदेशिक रोजगारीबाट फर्किएका नेपाली कामदारहरूको पुनर्एकीकरण कार्यक्रम स्थानीय तहमा सञ्चालन गर्ने।

(च) वैदेशिक रोजगारीमा जाने श्रमिकहरुलाई १ करोड भन्दा माथिको जीवन वीमा गराउन आवश्यक पहलका लागि एन.एन.आर. ए सँग .सहकार्य गर्ने ।

(छ) वैदेशिक रोजागारीमा जानेहरुको स्वास्थ्य विमा र पेन्सनको सुविधा सम्बन्धित मुलुकको रोजगारदाताले उपलब्ध गराउने व्यवस्थाको लागि एन.एन.आर. ए. सँग सहकार्य गरी आवश्यक पहल गर्ने ।

(ज) वैदेशिक रोजगारीबाट फर्केर आएका कामदारहरुको ज्ञान र सीप सहितको अभिलेख खडा गर्ने र स्वरोजगार बन्न चाहनेहरुका लागि एन.आर.एन. ए. सँगको वित्तीय साझेदारीमा पुनर्एकीकरण कार्यक्रम कार्यान्वयनमा सहकार्य गर्ने ।

३.२. एन.आर.एन.ए. को जिम्मेवारी देहाय बमोजिम हुनेछ –

(क) गन्तव्य मुलुकमा विविध कारण अलपत्र परेका कामदारको राहत, उद्धार, तथा स्वदेश फिर्ती सम्बन्धी बोर्डको सचिवालयको कार्यमा समन्वय र सहजीकरण गर्ने,

(ख) वैदेशिक रोजगारीको क्रममा अलपत्र परेका अलेखबद्ध कामदारको राहत, उद्धार, तथा स्वदेश फिर्तिको कार्यमा समन्वय र सहजीकरण गर्ने,

(ग) गन्तव्य मुलुकमा नेपाली श्रमिकहरुको लागि स्वास्थ्य सुरक्षा सहितको सामाजिक सुरक्षा योजनाहरुको पहिचान गरी ती योजनामा आबद्ध गराउन सम्बद्ध निकायहरुसँग समन्वय तथा सहजीकरण गरी यथाशिघ्र कार्यान्वयनमा ल्याउन पहल गर्ने,

(घ) गन्तव्य मुलुकमा अलपत्र परेका नेपाली कामदारको शव नेपाल पठाउन सम्बद्ध रोजगारदाता, नेपाली राजदूतावास र वोर्डको सचिवालयसँग समन्वय तथा सहजीकरण गर्ने,

(ङ) वोर्डको सचिवालयसँगको वित्तीय साझेदारीमा वैदेशिक रोजगारीबाट फर्किएका नेपाली कामदारको लागि पुनर्एकीकरण कार्यक्रम सञ्चालन गर्ने । पुनर्एकीकरण कार्यक्रमलाई टेवा पुर्याउने उद्देश्यले वोर्ड सचिवालयद्वारा तयार पारिएको अनलाईन जव पोर्टल (Online Job Portal) बारे वैदेशिक रोजगारीमा संलग्न नेपाली कामदारहरु लक्षित गरी प्रचार प्रसार एवं प्रयोग गर्न उत्प्रेरित गर्ने;

(च) बैदेशिक रोजगारको कारणले सामाजिक मूल्यमा परेको असरहरुबारे अध्ययन तथा अनुसन्धान गरी समस्या समाधानका लागि सूचना र परामर्शका लगायतका कार्यक्रमका लागि सरकारका विभिन्न निकायहरुमा सहकार्यका लागि संयुक्त पहल गर्ने ।

३.३. **दुवै पक्षले संयुक्तरुपमा संचालन गर्ने कार्यहरु**

(क) प्रवासी नेपाली कामदारहरूको राहत, उद्धार र स्वदेश फिर्ताको लागि द्रुत प्रतिक्रिया कार्यदल (Rapid Response Taskforce) गठन गरी परिचालन गर्न आवश्यक पहल गर्ने,

(ख) आप्रवासी कामदारहरूको हित तथा कल्याणको लागि विभिन्न सम्मेलन, कार्यशाला तथा सचेतनामूलक अभियानहरू सञ्चालन गर्ने,

(ग) प्रवासी कामदारहरूको राहत, उद्धार तथा स्वदेश फिर्ती, पुनर्एकीकरण र सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम संचालनका लागि दुवै पक्षको संयुक्त कोष (Matching Fund) निर्माण र स्रोत परिचालनका लागि नीति एवं कानुन निर्माणका लागि पहल गर्ने,

(घ) अलपत्र परेका महिला कामदारहरुको लागि अस्थायी सुरक्षित गृहको स्थापनाका साथै महिला श्रम सहचारीको व्यवस्थाका लागि सहयोग गर्ने,

(ङ) वैदेशिक रोजगारमा जानु अघि महिलाहरुलाई त्यहाँको रहनसहन भाषा र सीप सम्बन्धि अभिमुखीकरण तालिम दिएर मात्र गन्तब्य मुलुकमा पठाउने व्यवस्था मिलाउनको लागि सहकार्य गर्ने,

(च) वैदेशिक रोजागारीमा जाने युवा तथा महिलाहरुको अभिलेख राख्नको लागि सहयोग गर्ने,

(छ) स्वदेश फर्केका महिला तथा युवा श्रमिकहरुले स्वदेशमा व्यवसायहरु संचालन गर्न चाहेमा त्यसको लागि आवश्यक पर्ने पुँजीको व्यवस्थाको लागि सहयोग गर्ने,

## ४. विशिष्ट व्यवस्था

४.१. समझदारी पत्र कार्यान्वयनको क्रममा वोर्डको सचिवालयको तर्फबाट वैदेशिक रोजगार ऐन, २०६४ तथा नियमावली, २०६४ मा व्यवस्था भए बाहेक कामदार कल्याणकारी कोषमा अतिरिक्त आर्थिक व्ययभार श्रृजना हुने गरी कुनै पनि आर्थिक स्रोत परिचालन गरिने छैन,

४.२. यस समझदारी पत्रमा जुनसुकै व्यबस्था भए तापनि दुवै पक्षहरूलाई समान लाभ वा व्यवस्थाहरू प्रदान गर्न वा अन्य तेश्रो पक्षसँग सम्झौता गरी समान प्रकृतिको कार्य संचालन गर्न कुनै बाधा पर्ने छैन।

## ५. समय सीमा

यो समझदारी पत्रको अवधि हाललाई हस्ताक्षर भएको मितिले २ (दुई) वर्षको रहने छ। आपसी सहमतिका आधारमा समय सीमा थप गर्न सकिने छ।

## ६. संशोधन

दुबै पक्षको छलफल, सहमति र समझदारीका आधारमा यो समझदारी पत्रमा आवश्यक संशोधन वा परिमार्जन गर्न सकिनेछ।

## ७. खारेजी

कुनै पक्षले सन्तोषजनक कार्य सम्पादन नगरेमा वा समझदारी पत्रमा उल्लेख गरिएका बुँदाहरुको उलंघन गरेमा अर्को पक्षले ९० (तीस) दिनको लिखित सूचना दिएर यो समझदारी पत्र खारेज गर्न सक्नेछ। यस समझदारी पत्रको समाप्ति पछि यस सम्झौता अन्तर्गतका सबै अधिकार र दायित्वहरू समाप्त हुने छन्। यस समझदारी पत्र अन्तर्गतका कार्य संचालन गर्नका लागि सम्झौता गरिएका सम्बन्धित संस्थाहरु प्रतिको सबै अधिकार र दायित्वहरू पनि समाप्त हुनेछ।

## ८. अन्य थप कुराहरु

८.१ यस समझदारी पत्रको वैधता, व्याख्या वा कार्यसम्पादनको सम्बन्धमा उत्पन्न हुने कुनै पनि विवाद वा दावीलाई आपसी परामर्श, छलफल र सहमतिका आधारमा सौहार्दपूर्ण रूपमा समाधान गरिनेछ।

८.२ यस समझदारी पत्र अन्तर्गत आदान प्रदान गर्नु पर्ने सूचना लिखित रूपमा फ्याक्स, कुरियर वा इमेल मार्फत गर्न गर्न सकिने छ। दोस्रो पक्षले सूचना प्राप्त गरेको विधिवत पुष्टि गरेपछि त्यसलाई आधिकारिक मानिने छ।

<table>
<tr><th colspan="3">एन.आर.एन.एको तर्फ बाट</th><th>वोर्डको सचिवालयको तर्फबाट</th></tr>
<tr><td>कुल आचार्य<br>कार्यकारी अध्यक्ष</td><td>रविना थापा<br>अध्यक्ष</td><td>डा बद्री केसी<br>अध्यक्ष</td><td>श्री राजन श्रेष्ठ<br>कार्यकारी निर्देशक</td></tr>
<tr><td colspan="3">गैरआवासीय नेपाली संघ,<br>बालुवाटार , काठमाडौं<br>इमेल:president@nrna.org<br>सम्पर्क नं: ४२६०००५/ ४४११५३०<br>वेवसाइट: www.nrna.org</td><td>वैदेशिक रोजगार बोर्डको सचिवालय,<br>ववरमहल, काठमाडौं, नेपाल<br>इमेल: info@feb.gov.np<br>सम्पर्क नं:५३२०३११/ ५३२०४३३<br>वेवसाइट: www.feb.gov.np</td></tr>
</table>

## साक्षी

**एन.आर.एन.एको तर्फ बाट**

गैरआवासीय नेपाली संघ,
बालुवाटार , काठमाडौं
इमेल:president@nrna.org
सम्पर्क नं: ४२६०००५/ ४४११५३०
वेवसाइट: www.nrna.org

**वोर्डको सचिवालयको तर्फबाट**

वैदेशिक रोजगार बोर्ड,
ववरमहल, काठमाडौं, नेपाल
इमेल: info@feb.gov.np
सम्पर्क नं: ५३२०३११/ ५३२०४३३

Non-Resident Nepali Association NRNA Kathmandu, Nepal